JOIN
IELTS
MORNING | DAY | EVENING
CLASSES
APPLY TO STUDY IN
AUSTRALIA & NEW ZEALAND
BEACON
Premier International Education
Siddhartha Chowk Pokhara
PH: 061-528812, 523093
Mobile: 9856031631, 9846124153
E-mail: info@beaconedu.com.np

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

७१ औं राष्ट्रिय प्रजातन्त्र दिवस हर्षोल्लासका साथ मनाऔं ।
नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

❑ वर्ष २२ ❑ अङ्क ३५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७७ फागुन ५ गते बुधबार ❑ 17 Feb. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## स्थायित्व, शान्ति र राष्ट्रिय एकताबाटै समृद्धि : प्रदेश प्रमुख शेरचन

पोखरापत्र संवाददाता
पोखरा, ४ फागुन

गण्डकी प्रदेश प्रमुख अमिक शेरचनले मुलुकको समृद्धिका लागि स्थायित्व, शान्ति र राष्ट्रिय एकतालाई बलियो बनाउनुपर्ने बताएका छन् ।

गण्डकी प्रदेश सरकारको तेस्रो वार्षिकोत्सव समारोहको मंगलबार पोखरामा उद्घाटन गर्दै उनले सवै राजनैतिक दलको एकता, समन्वय र सहकार्यबाट मात्र मुलुकको समृद्धि हुनेछ भने । गण्डकी प्रदेश प्राकृतिक स्रोत साधनमा सम्पन्न रहेको उल्लेख गर्दै उनले यसको प्रयोग गर्दै जनताले अनुभूति गर्ने खालको विकास निर्माणमा जोड दिनुपर्ने आवश्यकता औंल्याए ।

प्रदेश प्रमुख शेरचनले आवश्यक कानून तथा कार्यविधि निर्माण गरेर प्राकृतिक स्रोत साधनको प्रयोग गर्न अध्ययन अनुसन्धानसँगै बजेट विनियोजन गर्नुपर्ने बताउँदै स्वदेशी कच्चा पदार्थमा आधारित उद्योग स्थापनाबाट आयातलाई विस्थापित गरी आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्नुपर्नेमा जोड दिए । "मुलुकमा क्यान्सर रोगका रुपमा फैलिएको ठूलो रोग भ्रष्टाचारको अन्त्यका लागि तीनै तहका सरकार प्रतिबद्ध भएर लाग्नुपर्दछ", उनले भने, "यसको नियन्त्रण नभई निर्मूलीकरण गरेर सुशासन कायम गर्नु आजको आवश्यकता हो ।"




गण्डकी प्रदेशका मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङले सरकारको तीनवर्षे कार्यकालमा भौतिक पूर्वाधार, पर्यटन, कृषि, शिक्षा, स्वास्थ्यलाई प्राथमिकतामा राखेर अघि बढेको जानकारी दिए । संविधानले व्यवस्था गरेको सहअस्तित्व, सहकारिता र समन्वयको सिद्धान्तमा आधारित रहेर तीन तहका सरकारबीचको सहकार्य र सम्बन्धलाई घनीभूत बनाउँदै जनताका आवश्यकता पूरा गर्ने गरी काम भइरहेको उनको भनाइ छ ।

मुख्यमन्त्री गुरुङले विगतमा खर्च गर्ने संरचना अभावमा सरकारले विकास बजेट खर्च गर्न नसकेपनि यस वर्ष सबै जिल्लामा कार्यालय स्थापना भएकाले बजेट खर्चमा राम्रो हुने स्पष्ट पारे । "प्रदेश सरकारलाई सीमित साधन स्रोतबाट जनताका आवश्यकता र चाहना पूरा गर्नुपर्ने बाध्यता रहेको छ", उनले भने, "प्रदेश सरकारहरूलाई कम्तीमा पनि रु एक खर्ब बजेट चाहिन्छ भनेर सङ्घीय सरकारलाई भनेका छौं । आवश्यक बजेट प्राप्त भएमा गण्डकीका गाउँहरूलाई नमूना बनाउछौं ।" प्रदेश प्रमुख शेरचनले सरकारले जनतालाई खोला, कुवाँ र इनारको पानी नभई धाराको पानीको व्यवस्था गर्नका लागि एक घर एक धारा अभियानअन्तर्गत २४३ खानेपानी योजना सम्पन्न भई ५५ हजार ६० धारा जडान गरिएको र दुई लाख ८५ हजार परिवारलाई शुद्ध खानेपानीको व्यवस्था गरिएको बताउँदै गण्डकी प्रदेश उज्यालो प्रदेश कार्यक्रमअन्तर्गत ७७ हजार काठेपोलमध्ये ३० हजार विस्तापित गरी स्टिल पोलमार्फत विद्युत् वितरण गरिएको जानकारी दिए । उनले आगामी १० वर्षभित्र सम्पूर्ण ग्यास सिलिण्डर विस्तापित गरि इलेक्ट्रिक चुलो जडान गर्ने प्रदेश सरकारको लक्ष्य रहेको पनि जानकारी दिए । मुख्यमन्त्री गुरुङले कम लागतमा अधिकतम उत्पादन गर्ने लक्ष्यका साथ प्रदेश सरकारले चक्लावन्दी कार्यक्रम शुरु गरेको जानकारी दिँदै यसबाट उत्पादकत्व वृद्धिका साथै स्वरोजगार सिर्जना भएको स्पष्ट पारे ।

कृषि, वन तथा सेवाजन्य उद्योग स्थापना गर्न ग्रामीणस्तरबाटै शुरुआत गर्ने तयारी भइरहेको जानकारी दिँदै उनले प्रदेशका ५१ पालिकामध्ये २० मा यो कार्यक्रम अघि बढाएको जानकारी दिए । सभामुख नेत्रनाथ अधिकारीले संविधानले स्थायित्वको परिकल्पना गरेको उल्लेख गर्दै दिगो विकासका लागि सबै राजनीतिक दलबीचमा सहकार्य आवश्यक रहेको बताए । प्रदेशसभाले हालसम्म ४६ ऐन र १० नियमावली निर्माण गरेको जानकारी दिँदै उनले कानून कार्यान्वयन भए नभएको बारेमा अनुगमन र मूल्याङ्कन हुनुपर्नेमा जोड दिए ।

उच्च अदालत पोखराका मुख्यन्यायाधीश रमेश पोखरेलले न्यायपालिकालाई विकृतीरहित बनाउने प्रतिबद्धता व्यक्त गर्दै न्याय सम्पादनका क्रममा दबाब र प्रभावमा नपरि कार्य सम्पादन गरिने बताए । संविधानले स्थानीय तहमा न्यायिक अधिकारको व्यवस्था गरेपनि स्थानीय जनप्रतिनिधिमा कानून अभाव रहेकाले उनीहरूको क्षमता विकासका लागि कार्यक्रम सञ्चालन गर्नुपर्ने आवश्यकता औंल्याए ।

गण्डकी प्रदेश प्रमुख प्रतिपक्षी दलका नेता कृष्णचन्द्र नेपाली पोखरेलले प्रदेश सरकारको सफलता वा असफलतासँग समग्र सङ्घीय शासन प्रणालीको भविष्य जोडिएकाले सरकारले जनतामा देखिने गरी काम गर्नुपर्ने बताए । प्रदेश सरकारकाप्रमुखसचिवविष्णुप्रसाद नेपालले सरकारका योजनाको सफलतापूर्वक कार्यान्वयनका लागि राष्ट्रसेवक कर्मचारीले सहयोग गरिरहेको बताए ।

कार्यक्रममा उत्कृष्ट निजामती कर्मचारी तथा प्रदेशअन्तर्गतका उत्कृष्ट कार्य सम्पादन गर्ने कार्यालय प्रमुखलाई सम्मान गरिएको थियो । सोही अवसरमा प्रदेश प्रमुख शेरचनले सरकारको तीन वर्षका कार्यप्रगति समावेश गरेर प्रकाशित पुस्तक र प्रदेश योजना आयोगले प्रकाशन गरेको प्रदेश तथा स्थानीय तह अनुगमन तथा मूल्याङ्कन दिग्दर्शनको विमोचन गरेका थिए ।

## समृद्धिको अभियानमा गण्डकी प्रदेश सरकार : मुख्यमन्त्री गुरुङ

पोखरापत्र संवाददाता
पोखरा, ४ फागुन

गण्डकी प्रदेशका मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङले 'समृद्ध नेपाल, सुखी नेपाली'को राष्ट्रिय आकाङ्क्षाले साकार रूप पाउने अभियानमा प्रदेश सरकार अघि बढेको बताएका छन् ।



गण्डकी प्रदेश सरकार स्थापना दिवसका अवसरमा मंगलबार एक प्रेस विज्ञप्ति जारी गर्दै उनले स्वदेश तथा विदेशमा रहनुहुने प्रदेशवासी सम्पूर्ण दिदीबहिनी तथा दाजुभाइमा सुख, शान्ति, समृद्धि र सुस्वास्थ्य एवं उत्तरोत्तर प्रगतिको कामना गरेका छन् । यस ऐतिहासिक अवसरमा राजनीतिक परिवर्तनका लागि भएका सम्पूर्ण शान्तिपूर्ण र सशस्त्र सङ्घर्षमा आफ्नो अमूल्य जीवन बलिदान गर्नुहुने अमर शहीदहरूप्रति भावपूर्ण श्रद्धाञ्जलि अर्पण गर्दै मुख्यमन्त्री गुरुङले सङ्घर्षका क्रममा घाइते र बेपत्ता भएका योद्धा परिवारप्रति सम्मान प्रकट गरेका छन् । नेपालको संविधानले व्यवस्था गरेको सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित रहेर तीन तहका सरकारबीचको सहकार्य र सम्बन्धलाई घनीभूत बनाउन सक्दा मात्र आर्थिक समृद्धि प्राप्त हुने विश्वास व्यक्त गर्दै शुभकामना सन्देशमा उहाँले समावेशी, सन्तुलित र सामाजिक न्यायसहितको दिगो सामाजिक, आर्थिक र भौतिक विकासमा प्रदेश सरकार कटिबद्ध रहेको उल्लेख गरेका छन् । समृद्धिको लक्ष्य हासिल गर्न तय गरिएका दीर्घकालीन सोच, अन्तर्राष्ट्रिय प्रतिबद्धता र दिगो विकास आवश्यक रहेको उल्लेख गर्दै उहाँले प्रदेशका नागरिकको चाहना, जननिर्वाचित प्रतिनिधिमार्फत मुखरित जनभावना, विज्ञ तथा सरोकारवालाबाट प्राप्त सुझावलाई आत्मसात गरी उपलब्ध स्रोत र साधनको अधिकतम र दक्षतापूर्वक उपयोग गर्दै गण्डकी प्रदेश सरकार समृद्धिको पक्षमा निरन्तर लागिपरेको स्पष्ट पारेका छन् ।

"भौगोलिक विविधता, प्राकृतिक सुन्दरता, बहुजाति, बहुभाषिक, बहुधार्मिक र बहुसांस्कृतिक विशेषतायुक्त समाजमा सामाजिक सद्भाव र सांस्कृतिक सहअस्तित्व कायम गर्ने दिशामा प्रदेश सरकारका नीति तथा कार्यक्रम परिलक्षित छन्", मुख्यमन्त्री गुरुङले सन्देशमा भन्नुभएको छ, "सबै प्रकारका विभेद, उत्पीडन र वञ्चितीकरणले पारेका प्रभावहरूको समूल अन्त्य गर्ने अभियानमा सरकार सदैव प्रतिबद्ध छ ।" प्रदेश सरकारको तीनवर्षे यात्राका क्रममा सम्पूर्ण राजनीतिक दल, सङ्घसंस्था, राष्ट्रसेवक कर्मचारी, सञ्चारकर्मी एवं आम नागरिकबाट प्राप्त साथ, समर्थन, सहयोग र रचनात्मक सुझावप्रति हार्दिक आभार प्रकट गर्दै सन्देशमा उनले भनेका छन् । "रचनात्मक सुझावको निरन्तरताले मात्र प्रदेश सरकारलाई पूर्णरूपमा सफल बनाएरै छाड्ने हाम्रो निष्ठापूर्ण प्रतिबद्धताले सार्थकता प्राप्त गर्नेछ भन्ने विश्वास लिएको छु ।"

## 'भागरथी हत्याका दोषी पक्राउ नजीक'

रासस
काठमाडौं, ४ फागुन

गृहमन्त्री रामबहादुर थापाले बैतडीकी १७ वर्षीया किशोरी भागरथी भट्टलाई बलात्कारपछि हत्या गर्ने दोषी नजीक प्रहरी पुगेको बताए । उनले उक्त घटनाका दोषीलाई छिट्टै पक्राउ गरी कानुनी कठघरामा उभ्याउनेसमेत प्रतिबद्धता जनाए ।



बढ्दो महिला हिंसाका घटनामा संलग्नलाई कारवाहीको माग गर्दै आज सर्वोच्च अदालत बार एशोसिएशन, महिला समितिको नेतृत्वमा मन्त्रालयमा गएको प्रतिनिधिमण्डलसँगको भेटमा मन्त्री थापाले भट्टसम्बन्धी घटना कञ्चनपुरकी निर्मला पन्तको जस्तो जटिल नरहेको जनाउँदै विगतबाट पाठ सिकेर टुङ्गोमा पुऱ्याउने गरी छानबिन प्रक्रिया अघि बढेको बताए ।

महिला हिंसा रोक्न सरकार गम्भीर रहेको र त्यसैका लागि नेपाल प्रहरीमा महिला सेल स्थापना गरिएको स्पष्ट गर्दै उनले हिंसा, बलात्कारका घटना हुन नदिन र भएमा तत्काल दोषी पहिचान गरी कानूनी कारवाही अघि बढाउन प्रहरीलाई निर्देशन दिइसकिएको बताए । सो क्रममा महिला कानून व्यवसायीले सो घटनाको प्रभावकारी अनुसन्धान गरी दोषीलाई कारवाही गर्न माग गर्दै मन्त्री थापालाई ज्ञापनपत्रसमेत बुझाएका छन् । विसं २०७५ साउन ११ मा कञ्चनपुरकी पन्तको बलात्कारपछि हत्या भएकामा दोषी अहिलेसम्म पहिचान हुन नसकिरहेका बेला गत माघ २२ गते बैतडीकी भट्टको पनि बलात्कार पछि हत्या भएको थियो ।

## कोदालो प्रहारबाट एकको हत्या, पाँच घाइते

पोखरापत्र संवाददाता
बागलुङ, ४ फागुन

बागलुङको काठेखोला गाउँपालिका-२ भीमपोखरा दपासामा सोमबार मानसिक सन्तुलन ठिक नभएका एक व्यक्तिले कोदालो प्रहार गरी स्थानीयवासी एक जनाको हत्या गरेका छन् भने अन्य पाँच घाइते भएका छन् ।

मानसिक सन्तुलन ठिक नभएका स्थानीयवासी सोमबहादुर किसानले कोदालो प्रहार गर्दा गम्भीर घाइते भएका ८४ वर्षीय यामबहादुर केसीको धवलागिरि अस्पताल बागलुङमा उपचारका क्रममा मृत्यु भएको हो । कोदालो प्रहारबाट गम्भीर घाइते भएका ६५ वर्षीया विष्णुमति चापागाईं र ३६ वर्षीया लक्ष्मी चापागाईंलाई धवलागिरि अस्पताल बागलुङमा उपचारपछि पश्चिमाञ्चल क्षेत्रीय अस्पताल पोखरा सिफारिस गरिएको छ ।

हार्दिक शुभकामना

समृद्ध गण्डकी प्रदेश बनाउने अभियानका साथ गण्डकी प्रदेश सरकारको तेस्रो वार्षिकोत्सवको अवसरमा सम्पूर्ण गण्डकी प्रदेशवासी दिदीबहिनी दाजुभाइहरुमा हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

गण्डकी प्रदेश

गण्डकी प्रदेश सरकार

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. -५२०६५१




पोखरा महानगरपालिका वडा नं १३ कुँडहर स्थित भद्रकाली माध्यमिक विद्यालयको मुल गेट निर्माणकार्यको शिलान्यास मंगलवार वडां १३ का वडा अध्यक्ष दर्शन लामाले गरे । स्थानीय अभिभावक तथा शुभचिन्तकहरुको सहयोवाट गेट निर्माण गर्न लागिएको विद्यालयका प्रधानाध्यापक घनश्याम रिजालले वताए । मुल गेट निर्माण समितिका संयोजक तथा विद्यालय व्यवस्थापन समितिका सदस्य बामनप्रसाद ढेवाजूको अध्यक्षतामा भएको कार्यक्रमममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष लोकवहाादुर कार्की, शिक्षाविद्ध प्रा तारा वराल, रामगोपाल ढेवाजू र समाजसेवी नरेशवहादुर कार्की लगायत वोलेको कार्यक्रममा सहायक प्रधानाध्यापक राजेन्द्र भण्डारीले संचालन गरेका थिए । फोट-पोखरापत्र

# क्षेत्रबहादुर कुँवरको 'जीवन कथा' लोकार्पण

**पोखरापत्र संवाददाता**
**पोखरा, ४ फागुन**

पोखराका शिक्षासेवी एवं साहित्यकार क्षेत्रबहादुर कुँवरको 'जीवन कथा' पुस्तक लोकार्पण गरिएको छ । कुँवरको ७५ औं जन्मोत्सव अवसरमा उनको पोखरा-१४ स्वर्गद्वारी निवासमा आयोजित समारोहमा पुस्तक लोकार्पण गरिएको हो ।

प्रमुख अतिथि पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानका उपकुलपति प्राडा बुद्धिबहादुर थापाले पुस्तक विमोचन गर्दै पुस्तकबाट उनलाई अझ नजिकबाट चिन्ने अवसर मिल्ने बताए । वरिष्ठ फिजिसियन समेत रहेका प्राडा थापाले कुँवरको नियमित स्वास्थ्य जाँच गरेको स्मरण गर्दै साहित्यिक कर्ममा अझै लाग्ने उत्प्रेरणा मिलोस् भनी दीर्घायुको कामना गरे । पोखराको शिक्षा, साहित्य, पत्रकारिता, राजनीतिक तथा समाजसेवामा योगदान पुर्‍याएका कुँवरका यसअघि ७ कृति पाठकसमक्ष आएका छन् ।

यसअघि उनको जीवनीसंग्रह प्रकाशित भैसकेकोमा अहिले



प्रकाशित 'जीवन कथा' भने आत्मवृतान्तमा आधारित छ । उनले ७५ वर्षको उमेरकालसम्म भोगेका विभिन्न घटनाक्रम, विगतको वस्तुस्थिति लगायतबारे झण्डै सय शीर्षकमा मिहिन ढंगले पुस्तकमा समेटेका छन् । पुस्तकबाट विगतको पोखरा चिन्ने अवसर मिल्ने भएको पुस्तक मूल्यवान् रहेको प्रकाशक पोखरा वाङ्मय प्रतिष्ठान नेपालले जनाएको छ । स्रष्टा कुँवरले लकडाउनको समय सदुपयोग आफूले सम्झे जति सम्पूर्ण विषयवस्तु यथार्थ घटनामा आधारित रहेर लेखेको हुँदा सबैको लागि उपयोगी हुने दाबी गरे । पत्रकार विजय नेपाल, शिक्षक कमलराज ढुंगाना र अलौकिक कवि देशभक्तसिंह कुँवरले पुस्तक सम्पादन गरेका हुन् । पुस्तकमा फोटो कथासहित ३१० पृष्ठ लामो छ । अलौकिक कवि देशभक्तसिंह कुँवर प्रतिष्ठानको आयोजनामा भएको कार्यक्रममा प्राज्ञ सूर्य खड्का बिखर्ची, समालोचक मदन भण्डारी, निवृत्त शिक्षक समुदाय कास्कीका अध्यक्ष तोयनाथ लामिछाने, डा. मुकुन्दप्रसाद आचार्य, समाजसेवी जेबी कुँवर, रोमबहादुर कार्की, पुस्तक सम्पादकहरु विजय नेपाल, कमलराज ढुंगाना, देशभक्तसिंह कुँवर, मुमताज कुँवर लगायतले मन्तव्य व्यक्त गर्दै स्रष्टा कुँवरको दीर्घायूको कामना गरे । प्रतिष्ठान अध्यक्ष प्राडा यमबहादुर पौडेल क्षेत्रीको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत सञ्चारकर्मी तिर्सनालक्ष्मी गुरुङ र सञ्चालन गीतकार सुमन श्रापितले गरेका थिए । कार्यक्रममा सञ्चारकर्मी अम्बिका राणाले स्रष्टा परिचय राखेकी थिइन् ।

सो अवसरमा आयोजकले पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानका उपकुलपति प्राडा थापालाई स्वास्थ्य सेवामा पुर्‍याएको कदर गर्दै सम्मान गरेको थियो । श्रीपञ्चमीकै दिन जन्मिएका स्रष्टा कुँवरको जन्मदिन पारेर सरस्वती पूजा, नारायण पूजा, लाखबत्ती समेत गरिएको थियो । मेघा एफएमले व्यवस्थापन गरेको कार्यक्रममा विभिन्न क्षेत्रका व्यक्तिको उल्लेख्य उपस्थिति थियो ।

# कास्कीका पुस्तक व्यबसायीले पुस्तक दिवस मनाए

**पोखरापत्र संवाददाता**
**पोखरा, ४ फागुन**

राष्ट्रिय पुस्तक दिवसको उपल्यक्षमा नेपाल पुस्तक तथा स्टेशनरी व्यबसायी महासंघ जिल्ला शाखा कास्कीले पोखरा महानगरपालिका-९ मा रहेको महेन्द्र मांवि विद्यालयमा अध्यनरत विद्यार्थीहरुलाई शैक्षिक सामाग्री सयोग गरेर पुस्तक दिवस मनाएको छ ।

पुस्तक दिवसको अवसरमा हरेक वर्षा मनाउने क्रममा महासंघ जिल्ला शाखा कास्कीले यो वर्षा उक्त विद्यालयमा अध्यनरतविद्यार्थीहरुलाई स्टेशनरी सामान तथा विभिन्न पुस्तकहरु तथा विद्यालयलाई विभिन्न खेलकुद सामाग्रीहरु सयोग गरेको हो ।

कार्यक्रममा वोल्दै नेपाल पुस्तक तथा स्टेशनरी व्यवसायी महासंघका केन्द्रिय उपाध्यक्ष ऋषिराम शर्मा भण्डारीले हरेकश्रीपन्चमीलाईमहासंघलेपुस्तक दिवसको रुपमा मनाउदै आएकोले जिल्ला शाखा कास्कीले पनि मनाएकोमा खुशी प्रकट गरे ।

नेपाल पुस्तक तथा स्टेशनरी व्यवसायी महासंघका सल्लाहकार समितिका सभापति प्रेम वहादुर श्रेष्ठले कास्कीका पुस्तक व्यवसायी




साथीहरूले पुस्तक सामाग्री संकलन गरेरविधार्थीहरूलाई हस्तान्त्रण गरेकोमा खुशी प्रकट गरे ।

जिल्ला शाखा कास्कीका अध्यक्ष मोहन प्रसाद सापकोटाले नेपाल पुस्तक तथा स्टेशनरी व्यवसायी महासंघ व्यवसायीका हरेक सुखदुःखमा सगसगै रहेको बताउदै पुस्तक दिवसको अवसरमा विधार्थीहरूलाई शैक्षिक सामाग्री सयोग गर्न पाएकोमा खुशी प्रकट गरे । कार्यक्रममा महेन्द्र मावि ब्यवस्थापन समितिका अध्यक्ष तथा नेपाल पुस्तक तथा स्टेशनरी व्यवसायी महासंघका केन्द्रिय सदस्य शिवराजबास्तोला विधालयका प्रअ रामदत पौडेल महांसघका केन्द्रिय सदस्य शकुन्तला शर्मा लगाएतले बोलेका थिए । उक्त कार्यक्रममा नेपाल पुस्तक तथा स्टेशनरी व्यवसायी महासंघ कास्कीले आफ्ना सदस्यहरूको लागी गरेको दुर्घटना बिमा अन्तरगतहालै दुर्घटनाबाट निधन भएका ए थ्रि स्टेशनरी पावरहाउस लेखनाथका व्यवसायी स्वर्गीय भीमसेन कुँवरका छोरा अभिजित कुँवरलाई रूएक लाखको चेक हस्तान्तरण गरिएको थियो । कार्यक्रम नेपाल पुस्तक तथा स्टेशनरी व्यबसायी महासंघ जिल्ला शाखा कास्कीका प्रथम उपाध्यक्ष बैकुण्ठ पौडेलले स्वागत गरेका थिएभने सचिव गोविन्द गौतमले कार्यक्रम सन्चालन गरेका थिए ।

# अशिनाले तरकारी बारीमा क्षति

**पोखरापत्र संवाददाता**
**पोखरा, ४ फागुन**

तनहुँमा सोमबार साँझ परेको असिना पानीले जिल्लाका विभिन्न भागमा हिउदेबाली र तरकारी खेतीमा क्षति पुगेको छ । वर्षासँगै परेको असिना पानीले जिल्लाका विभिन्न ठाउँमा तरकारी खेतीमा क्षति पुगेको हो ।

असिना पानीले हिउँदेबाली र तरकारी खेतीमा पूर्ण क्षति पुर्‍याएको तनहुँको शुक्लागण्डकी-१० का वडाध्यक्ष रामचन्द्र भण्डारीले बताउनुभयो । यसपालिको हिउद लागेपछि पहिलो पटक यति ठूलो वर्षा भएको हो । एकातिर खेतीपाती गर्ने बेलामा परेको पानीले किसानलाई राहतको महशुस गराएको छ भने अर्कोतर्फ भीषण असिनाले लाखौंको क्षति भएको छ । कृषि ज्ञान केन्द्रका अनुसार असिनाले पुर्‍याएको क्षतिको विवरण आउन बाँकी छ । हिमाली भेगमा सेताम्मे हिउँ पर्ने बेला हो यो । हिउँमा खेल्न आएका पर्यटकले कतिपय ठाउँ भरिभराउ पनि होलान् । हिमालमा पर्ने हिमपातको झल्को दिने गरी सोमबार तनहुँको शुक्लागण्डकी नगरपालिका र भीमाद नगरपालिकामा भीषण असिना पानी परेको छ । अपराह्न ४ बजेदेखि शुक्लागण्डकीको सेतीपारीका वडामा भीषण वर्षासहित असिना पानी परेको हो ।

# पोखरा उद्योग वाणिज्य संघको शिक्षा उपसमितिले पायो पूर्णता

**पोखरापत्र संवाददाता**
**पोखरा, ४ फागुन**

पोखरा उद्योग वाणिज्य संघका विभिन्नि उप-समिति मध्य महत्वपुर्ण मानिने शिक्षा उप-समितिले पूर्णता पाएको छ ।

पोखरा उद्योग वाणिज्य संघका उप महासचिव तथा शिक्षा उप समितिका संयोजक केशव वहादुर खत्रीले समिति गठन गर्दे समितिकोसह संयोजकमा पत्रकार तथा टुईन्स कलेक्सन बुद्ध विशाल बजारका मनोहरि पौडेललाई मनोनीत गरेका छन् । समितिको सदस्यहरूमाफेन्सी तथा रेडिमेड व्यवसायी संघका अध्यक्ष तथा अमृता फेन्सीका राजु पौडेल बुद्ध विशाल वार व्यपारिक एशोसियसनका सचिव तथाबी बाकेलाल बुद्ध विशाल वजारका बुद्धी वहादुर कुवर कपडा व्यवसायी समितिका पुर्व अध्यक्ष तथा सृष्टि साडी एण्ड फल्स महेन्द्रपुलकानविन नापित सर्वेश्वर व्यवसायी समितिका अध्यक्ष तथा न्यु लक्ष्मी स्टोर्स गैहापाटनका एकनारायण पनेरू सांघुमुख व्यवसायी संघका अध्यक्ष तथाजय शुभम ट्रेड्र्स सांघुको मुखका सुर्यराज त्रिपाठी संजय एण्ड सन्देश इम्पोरियम हेम्जाका कृष्ण प्रसाद त्रिपाठी रहेका छन् भनेसल्हाकारमा पोखरा उद्योग वाणिज्य संघका पुर्व अध्यक्षहरू रमेश कर्माचार्य र दिपक श्रेष्ठ रहेका छन् ।

पोखरा उद्योग वाणिज्य संघको माघ २२ गते बसेको कार्यसमितिको वैठकले विभिन्न उप-समितिहरू गठन गरेको थियो ।

# स्याङ्जामा प्रथम आलु महोत्सव फागुन ७ देखि

**पोखरापत्र संवाददाता**
**वालिङ, ४ फागुन**

स्याङ्जाको भीरकोट- ५ पकानमा प्रथम आलु महोत्सव हुने भएको छ ।आलु खेतीका लागि उर्वर भूमिका रूपमा चिनिएकासो स्थानमा यही फागुन ७ र ८ गते महोत्सव हुने जनाइएको छ ।

क्षेत्रीय कृषि निर्देशनालय पोखरा, कृषि ज्ञान केन्द्र स्याङ्जा, भीरकोट नगरपालिका र स्थानीय महिला जागरण बहुउद्देश्यीय सहकारी संस्थाको संयुक्त आयोजनामा महोत्सव हुन लागेको भीरकोट नगर प्रमुख छायाराम खनालले जानकारी दिए । आलुखेती गर्ने किसानलाई प्रोत्साहन गर्न, उत्पादित आलुको बजारीकरण गर्न र आलुका परिकारका बारेमा जानकारी दिन महोत्सव गरिने भएको उनले बताए । महोत्सवस्थलमा आलुको खरीदबिक्री, विभिन्न परिकार बनाएर स्वाद दिइने लक्ष्य आयोजकको छ । "आलु उत्पादनका दृष्टिले यो क्षेत्र उर्वरभूमि पनि हो, परम्परागत रूपमा गर्दिै आएको खेती प्रणालीलाई थप आधुनिकीकरण र व्यवसायितकता तर्फ अगाडि बढाउनका लागि आलु पकेट क्षेत्र निर्धारण गरेका थियौं" नगर प्रमुख खनालले भन्नुभयो, "पकेट क्षेत्रमा तीन वटा आलु ब्लक बनाएर सामूहिक र व्यक्तिगतरूपमा तीन सय रोपनी क्षेत्रफलमा आलु लगाइएकोमा उत्पादन पश्चात खन्न शुरु भएको हो ।" नगरपालिकाले आलु खेतीका लागि ५० प्रतिशत अनुदानमा आलुको बीउ, आवश्यक कीटनाशक औषधि तथा तालीम दिएको थियो ।

दुई दिनसम्म चल्ने महोत्सवमा आलुका विभिन्न परिकारको प्रदर्शनी, आलुका परिकार बनाउने सीपकाबारेमा जानकारी गराइने तयारी भएको भिरकोट-५ का वडाध्यक्ष यामप्रसाद अधिकारीले जानकारी दिए । "स्वादका दृष्टिले र गुणस्तरियताका आधारमा यस ठाउँमा राम्रो आलु फल्ने गरेको छ" उहाँले भन्नुभयो, "आलु खेतीको सम्भावना, प्रचारप्रसारका साथै यहाँको किसानको हौसला बढाउनका लागि महोत्सवले राम्रो सन्देश दिने विश्वास लिएको छु ।"

# गण्डकी प्रदेश प्रमुखसँग बेपत्ता आयोगका अध्यक्षको शिष्टाचार भेट

**पोखरापत्र संवाददाता**
**पोखरा, ४ फागुन**

गण्डकी प्रदेश प्रमुख अमिक शेरचनसँग बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगका अध्यक्ष युवराज सुवेदीले शिष्टाचार भेट गरेका छन् ।

मंगलबार भएको शिष्टाचार भेटका क्रममा आयोगका अध्यक्ष सुवेदीले बेपत्ता छानविनका सम्बन्धमा आयोगले गरेका कामका बारेमा प्रदेश प्रमुख शेरचनसमक्ष ब्रिफिङ गरेका थिए । सो अवसरमा अध्यक्ष सुवेदीले विगतमा द्वन्द्वरत पक्षद्वारा बेपत्ता पारिएका व्यक्तिको छानविन र पीडितका बारेमा नीतिगत रुपमा सम्बोधन हुनुपर्ने धारणा राखेका थिए ।

त्यस्तै, प्रदेश प्रमुख शेरचनले आयोगले गरेका कामबारे आफू सन्तुष्ट भएको र बेपत्ता छानविनमा आयोगलाई अझै सक्रिय भएर लाग्न सुझाव दिए ।





**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



**सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

**पुरुषमा देखिने:** शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरुमा देखिने:** स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता:** अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग:** छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ ।

महिला वा पुरुषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समयः** प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५३९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला ।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रवन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५३२५०८, ०६१-५२०६५१, ०६१-५३७८५७, E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

म जति धेरै अभ्यास गर्छु त्यति भाग्यमानी ठहरिनेछु ।
- जर्ज बार्वर

## सम्पादकीय

# सरकारको तीन वर्ष

प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको सरकारले तीन वर्ष पूरा गरेको छ । २०७४ फागुन ३ गते तत्कालीन नेपाल कम्युनिस्ट पार्टी (एमाले) अध्यक्ष एवं संसदीय दलका नेता, केपी शर्मा ओली प्रधानमन्त्रीमा नियुक्त भएका थिए । २०७४ मंसिर १० र २१ गते प्रतिनिधि सभा निर्वाचन भएको थियो । निर्वाचनमा नेकपा एमाले र नेकपा माओवादी केन्द्र मिलेर गएका थिए।मिलेर गएको बामपंथी गठबन्धनलाई बहुमत मिलेको थियो । करिब दुई तिहाइ बहुमत पाएको सरकारले राष्ट्रियताको संवर्द्धन तथा भौगोलिक अखण्डताको संरक्षणमा अभूतपूर्व सफलता हासिल गरेको छ । परराष्ट्र नीतिको कौशलपूर्ण कार्यान्वयनले राष्ट्रिय स्वाभिमान उच्च भएको छ । सरकारले 'समृद्ध नेपाल सुखी नेपाली' को नारालाई अभियानका साथ कार्यान्वयन गर्दैछ । सरकार गठनको तीन वर्षको अवधिमा ऊर्जा तथा पूर्वाधार निर्माणमा उल्लेख्य प्रगति भएको छ । यस अवधिमा राष्ट्रिय विद्युत् प्रणालीमा ५०१ मेगावाट बिजुली थपिएको छ ।

यस्तै संघीय सरकारअन्तर्गत कालोपत्रे, खण्डास्मित (ग्राभेल) र कच्ची गरी सातहजार ७७२ किलोमिटर सडक निर्माण भएको छ । यसका अतिरिक्त प्रदेश तथा स्थानीय तहबाट पनि उल्लेख्य परिणाममा सडक निर्माण तथा कालोपत्रे भएका छन् । काठमाडौँस्थित नागढुङ्गा-सिस्नेखोला सडक खण्डमा सुरुङ मार्गको काम भइरहेको छ । सरकार गठन भएको तीन महिनादेखि मुलुक लोडसेडिङ मुक्त भएको छ भने भविष्यमा लोडसेडिङ नहुने गरी जलविद्युत् विकासमा लगानी, पूर्वाधार विस्तार तथा भौतिक सुधार केन्द्रित पहल भएका छन् । सरकारले झोलुङे पुल विस्थापन गर्दै आवश्यक ठाउँमा पक्की पुल निर्माणलाई उच्च प्राथमिकता दिएकाले यस अवधिमा ५७० वटा पुलको निर्माण सम्पन्न भएको छ । सरकारले सडक विस्तार यातायात सुविधा तथा नेपाललाई विश्वको सडक सञ्जालमा जोड्ने तत्कालीन तथा दीर्घकालीन महत्वका सडक योजनालाई प्राथमिकता दिएको छ । रेल यातायात र सुरुङ मार्गको विकासलाई सरकारले सडक निर्माणको नयाँ आयाम बनाउँदैछ ।

तीन वर्ष विकास निर्माणका दृष्टिले छोटो अवधि हो । एउटै आयोजना बन्न पाँच सात वर्ष लाग्ने अवस्थामा तीन वर्षलाई सरकारले प्राप्त गरेका उपलब्धिको समीक्षा गर्ने लक्ष्मण रेखा बनाउन कति उचित होला तर पहिलो, दोस्रो र तेस्रो वर्षलाई प्राथमिकता तोकेर जुन लक्ष्यका साथ अगाडि बढेको थियो सरकार त्यसमा पूर्ूण सफल देखिन्छ । सरकारले पूर्वाधार र भौतिक विकासमा मात्र होइन मानव क्षमता विकास, गरिबी निवारण, संविधान तथा सङ्घीयताको कार्यान्वयन, नागरिकका मौलिक हकको प्रत्याभूतिमा सफलता पाएको छ । यस अवधिमा आर्थिक समृद्धि हासिल गर्दै, गरिबीको खाडल कम गर्न सफलता प्राप्त भएको छ । अल्पविकसित नेपाल विकासशील नेपाल बन्दै गरेको सत्य सरकारको दाबी मात्र नभएर अन्तर्राष्ट्रिय सम्बद्ध निकायले पुष्टि गरेका सत्य हुन् । सन् २०२२ सम्म अति कम विकसित मुलुकबाट विकासशील मुलुकको स्तरमा पुऱ्याउने राष्ट्रिय अठोट वर्तमान सरकारको नेतृत्वमा सम्भव भएको छ । विश्वव्यापी कोभिड-१९ (कोरोना) को महामारीको चेपमा परेको अर्थतन्त्रलाई सरकारले पुनर्जीवन दिएको छ । स्वदेशमा स्वरोजगार सिर्जना गरी युवालाई देश विकासको महाअभियानमा संलग्न हुने अवसर निर्माणमा सरकारले नीति तथा आर्थिक पूर्वाधार तयार गरेको छ ।

सीमित स्रोत असीमित आकाङ्क्षा पूरा गर्नु सरकारका स्वाभाविक चुनौती थिए । यी चुनौतीबीच उच्च अभिलाषाका साथ कार्यरत सरकारलाई आन्तरिक राजनीतिक विवादले केही असहज बनायो । प्रगतिको आकाङ्क्षालाई पद र प्रतिष्ठासँग सौदावाजी गर्ने अप्राकृतिक राजनीतिक होडबाजीले मुलुकलाई केही समय अन्योलपूर्ण बनाएको अनुभव गरिए पनि आगामी वैशाखमा हुने निर्वाचनले मुलुकलाई स्थीरता दिनेछ । प्रधानमन्त्री ओलीले सत्तारुढ दल नेपाल कम्युनिस्ट पार्टी (नेकपा) भित्रको अनपेक्षित विवादलाई जनताबीच लगेर जनताकै निर्णयमा व्यवस्थापन गर्ने सहासिक निर्णय गरेका छन ।प्रतिनिधि सभा विघटनको विषय अहिले सर्वोच्च अदालतको संवैधानिक इजलासमा विचाराधीन छ । अदालतको फैसलापछि बन्ने राजनीतिक वातावरणमा एकताबद्ध जनमतमार्फत मुलुकलाई अग्रगमन र समृद्धितर्फ उन्मुख गर्न सबै राजनीतिक शक्तिको संयुक्त पहल आवश्यक छ ।देशमा स्थिरता र जनताको तिब्र विकासको आकांक्षा पुरा गर्न दृढ इच्छाशक्ति भएको नेतृत्वले प्रतिकुलतालाई चिरेर लान सक्छ भन्ने तीन वर्षको अवधिले देखाएको छ ।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : अप्रत्यसित लाभ | तुला | : झमेला बड्ने |
| वृष | : शत्रुको भय | वृश्चिक | : मन चञ्चल |
| मिथुन | : कार्यमा सफलता | धनु | : आर्थिक समस्या |
| कर्कट | : शारिरीक झमेला | मकर | : सहयोग मिल्नेछ |
| सिंह | : मानसिक तनाब | कुम्भ | : सम्मान मिल्नेछ |
| कन्या | : सत्कार मिल्नेछ | मीन | : ब्यापारमा लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस् ।




# लायन्सको जोन मिटिङ सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, ४ फागुन

लायन्स क्लब इन्टरनेशनल डिष्ट्रिक्ट ३२५ बि १ नेपाल, क्लस्टर २५, रिजन ५१ अन्तर्गत जोन १०१ को तेश्रो जोन मिटिङ सोमबार सम्पन्न भएको छ।

बैठकमा जोन अन्तर्गतका क्लबहरू लायन्स क्लब अफ पोखरा पिस सिटी, पोखरा ग्लोबल लेकसिटी र पोखरा पुष्पांजलिका अध्यक्ष, प्रथम उपाध्यक्ष, सचिव, कोषाध्यक्ष लगायत डिष्ट्रिक्टका सिनियर लायन्स लिडरहरूको सहभागीता रहेको थियो।

बैठकमा पोखरा पिस सिटी अध्यक्ष रामप्रसाद अधिकारी, पोखरा ग्लोबल लेकसिटीका अध्यक्ष गंगाबिलास लोहनी र पोखरा पुष्पांजलिका अध्यक्ष दुर्गा श्रेष्ठले क्लबले हालसम्म सम्पादन गरेका कार्य र बाँकी कार्यक्रमहरू प्रस्तुत गरेका थिए । लायन्स अन्तरराष्ट्रियको बिधी बिधान अनुसार जोन चेयरपर्सनले एक बर्षे कार्यकालमा आफ्नो माताहतमा रहेका क्लब लिएर कम्तिमा ४ वटा जोन मिटिंग गर्नुपर्ने प्रावधान रहेको छ। जसमा पहिलो



मिटिंगमा वार्षिक कार्ययोजना सम्बन्धि छलफल, दोश्रोमा सदस्यता बृद्धि, तेश्रोमा लिडरशिप र चौथोमा बर्ष भरि गरेका कार्यहरूको समिक्षा सहित फ ैलोशिपलाई प्राथमिकता दिईने जोन चियरपर्सन दिलीपकुमार श्रेष्ठले बताए । कार्यक्रममा बोल्दै प्रमुख अतिथि डिष्ट्रिक्ट ३२५ बि १ नेपालका डिष्ट्रिक्ट को-चिफ एडभाइजर बिनोद ढुङ्गानाले लायन्सले सामाजिक क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याएको बताउनु भयो। उहाँले कोभिड-१९को महामारीको समयमा समेत क्लबहरूले सामाजिक कार्यलाई निरन्तरता दिई उत्कृष्ट कार्य सम्पादन गरेकोमा गर्व महशुष गरेको बताउनु भयो । जोन चियरपर्सन दिलीपकुमार श्रेष्ठको अध्यक्षतामा सम्पन्न बैठकमा डिष्ट्रिक्टका सिनियर डिष्ट्रिक्ट एडभाइज ैर सुदीपराज ढुङ्गाना, डिष्ट्रिक्ट एडभाइज ैर टंकराज अधिकारी, जिएसटी को(अर्डिनेटर कृष्ण पराजुली, रिजन ५१ का रिजन चेयरपर्सन ज्ञानेन्द्र कोईराला, जोन १०२ का जोन चेयरपर्सन हर्कबहादुर अधिकारी, डिष्ट्रिक्ट चेयरपर्सन अर्जुन सिग्देल, शोभा गौतम लगाएतले क्लबले गरेका कार्यको उच्च प्रसंसा गर्दै लायन्सले गर्नुपर्ने काम, कर्तव्य र उत्तरदायित्वको बारेमा प्रकाश पारेका थिए।

# स्वास्थ्य सामाग्री सहयोग

पोखरापत्र संवाददाता
पोखरा, ४ फागुन

शुक्ला गण्डकी नगरपालिका वडा नं १ सेराबेँसीमा यही पुसदेखि सञ्चालनमा आएको विशेष स्वास्थ्य सेवा केन्द्रमा करिब ३० हजार रुपैयाँ बराबरको स्वास्थ्य सामाग्री सहयोग प्राप्त भएको छ।

समाजसेवी लेखनाथ पन्थी तथा अनिल पन्थीले उपलब्ध गराउनुभएको स्वास्थ्य सामाग्री एक कार्यक्रमकाबीच मंगलबार महिला स्वास्थ्य स्वयं सेविका मधुमाया पन्थीले हस्तान्तरण गर्नुभयो।

कार्यक्रममा प्रमुख अतिथि एवम् शुक्ला गण्डकी नगरपालिका वडा नं १ का वडा अध्यक्ष रविचन्द्र पौडेलले स्वास्थ्य सेवालाई सर्वसाधारणको सहज पहुँचका लागि सेराबेँसीमा विशेष स्वास्थ्य सेवा केन्द्र सञ्चालनमा ल्याइएको बताउनुभयो। केन्द्रबाट हाल हप्तामा दुई पटक सेवा प्रवाह भैरहेको बताउँदै उहाँले आगामी दिनमा यहाँबाट प्रदान गरिने स्वास्थ्य सेवालाई थप प्रभावकारी बनाउने विश्वास व्यक्त गर्नुभयो । केन्द्रबाट प्रत्येक हप्ताका सोमबार र बिहीबार एक जना अहेब तथा एक जना अनमीले स्वास्थ्य सेवा प्रदान गर्दै आउनुभएको छ। शिवशक्ति महिला समूहका अध्यक्ष अनिशा भुजेलको सभापतित्व एवम् नरेशचन्द्र भण्डारीको सञ्चालनमा भएको कार्यक्रममा वडा सदस्य सुशिला कमर, स्वास्थ्य चौकी इन्चार्ज रियाद अन्सारी, नेपाली काँग्रेसका नेता खेमराज अधिकारी लगायतले बोल्नुभएको थियो।

# सरस्वती पुजा एवं भजन गायन कार्यक्रम सम्पन्न



पोखरापत्र संवाददाता
पोखरा, ४ फागुन

नेपाल शास्त्रीय संगीत समाज, गण्डकी प्रदेश र संगीत प्रशिक्षण केन्द्र, पोखराको संयुक्त आयोजनामा बसन्त पञ्चमीको अवसरमा "सरस्वती पुजा एवं भजन गायन २०७७" कार्यक्रम बिन्ध्यवासिनी स्थित संगीत प्रशिक्षण केन्द्रको सभाहलमा सम्पन्न भएको छ।

समाजका गण्डकी प्रदेश संयोजक तथा केन्द्रका द्धितिय उपाध्यक्ष वरिष्ठ तबलाबादक श्यामलाल श्रेष्ठको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा साहित्यकार, पोखरेली युवा सांस्कृतिक परिवारका सचिव डा. चैतन्य अधिकारि प्रमुख अतिथि रहनुभएको थियो । झण्डै दुइ घण्टा ैपचारिक रुपमा संचालन भएको कार्यक्रममा सरस्वती पुजन संगै बिभिन्न भजन प्रस्तुति र शास्त्रीय राग गायन समेत प्रस्तुत गरिएको थियो । संगीत प्रशिक्षणका प्रशिक्षार्थीहरुले सामुहिक सरस्वति बन्दना गाएर उपस्थित सबैलाइ स्वागत गरे भने सनम नेपालि, एम.डि काफ्ले,प्रशान्ति राइ, प्रकृति राइ,टिना गुरुङ, शिवानि थापा,संतोष पराजुली, श्यामलाल श्रेष्ठले भजन र मन थापा,गोमा घिमिरेले राग गायन प्रस्तुत गर्नुभएको थियो। बाद्यबादनमा प्रशिक्षक रोम तामाङ,मिलन गिरि,निर्मल राइ,खेम लामा लगायतले साथ दिनुभएको थियो । कार्यक्रममा बोल्दै प्रमुख अतिथि डा.अधिकारिले अन्य ज्ञान जस्तै संगीत सर्वव्यापी भएकोले एसको पहिचान र रसस्वादनमा साधनारत रहन शुभकामना सहित यस क्षेत्रमा योगदान पुर्याइरहेको संस्था संगीत प्रशिक्षण केन्द्रको श्रीवृद्धिको लागि ब्यक्तिगत रुपमा रु दश हजार सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

समापन घोषणा सहित आफ्नो भजन प्रस्तुति राख्नुभएका संगीतकार श्यामलाल श्रेष्ठले "धैर्यता र अनुशासनसहितको संगीत साधना"को लागि अनुरोध गर्दै संगीत प्रशिक्षण केन्द्र पोखराकै संगीत सम्बद्द अग्रणि संस्था भएकोले आगामि दिनमा समेत नेपाल शास्त्रीय संगीत समाज,गण्डकि प्रदेशले यसैगरि कार्यक्रमहरुमा समन्वय गरिरहने बताउनु भयो । कार्यक्रमको संचालान केन्द्रका महासचिव एम.डि काफ्लेले गर्नुभएको थियो।

# सरस्वती पूजनोत्सव वक्तृत्वकला तथा हाजिर जवाफ प्रतियोगिता सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, ४ फागुन

श्री केदारेश्वर छात्र परिषद्को आयोजनामा सरश्वती पूजनोत्सव वक्तृत्वकला तथा हाजिर जवाफ प्रतियोगिता सम्पन्न भएको छ।

केदारेश्वर महादेवमणी सेवाआश्रमको सहयोग तथा केदारेश्वरवैदिकगुरुकुलविद्याश्रमको संयोजनमा कार्यक्रम भएको हो । कार्यक्रमको उद्घाटन गर्दै पोखरा महानगरपालिका वडा नम्वर ६ का अध्यक्ष जगत पहारीले कदारेश्वर सांस्कृतिक अध्ययन केन्द्रको रुपमा निर्माणधिन पुस्तकालयलाई वडा स्तरीय बजेटबाट रु १५ लाख स्वीकृत भईसकेको जानकारी गराउँदै अन्य विकासका योजनामा सक्दो सहयोग गर्ने प्रतिवद्धता जनाउनुभयो । मानव जीवनमा विद्या भन्दा ठुलो धन केही पनि नभएको हुँदा त्यो पनि संस्कृति विद्याका प्रदान गर्ने केदारेश्वरको अभियानमा आफु लाग्ने बताउनुभयो।

विश्व हिन्दुमहासंघ कास्कीका अध्यक्ष पार्वता पौडेलले केदारेश्वरका बटुकहरुको प्रस्तुतिकरणले आफु प्रभावित भएको बताउँदै केदारेश्वरको हरेक गतिविधिमा विश्वहिन्दुमहासंघ सँगसँगै रहने बताउनुभयो।



रेडियो सफलताका प्रवन्ध निर्देशक दुर्गा अधिकारीले भगवान्को कृपा, गुरुको संकल्प अनि केदारेश्वर महादेवमणी सेवा आश्रम संचालक समितिको प्रयासले यस क्षेत्रको परिवर्तन भएको बताउँदै खुसी व्यक्त गर्नुभयो । साथै उहाँले भोलीका दिनमा संचार क्षेत्रबाट गर्नुपर्ने साथ गर्ने प्रतिवद्धता जनाउनुभयो।केदारेश्वरमहादेवमणी सेवा आश्रमका पिठाधिशको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत केदारेश्वर छात्र परिषद् का उपाध्यक्ष हेमराज खतिवडाले गर्नुभएको थियो भने संचालन अध्यक्ष अर्जुन खतिवडाले गर्नुभएको थियो।

कार्यक्रममा केदारेश्वर गुरुकुल विद्याश्रमका सचिव इन्द्रप्रसाद बराल, निर्णायक माधवशर्मा लगायतले बोल्नुभएको थियो । केदारेश्वर महादेवमणी सेवा आश्रमका वरिष्ठ उपाध्यक्ष दयानन्द पोखरेलले कार्यक्रमको समापन गर्दै केदारेश्वर गुरुकुल विद्याश्रमको जिर्णोद्धार भवन तथा शौचालय निर्माणका लागि पोखरा महानगरपालिकाद्धारा अनुमति प्राप्त भईसकेको जानकारी गराउनुभयो।

सोही अवसरमा आयोजित हाजिर जवाफ प्रतियोगितामा उत्तम दुवाडीको समुह प्रथम, माधव गौतमको समुह द्धितिय, कृष्ण ढकालको समुह तृतीय र गणेश भण्डारीको समुह सान्त्वना भएका छन् । वक्तृत्वकला प्रतियोगितामा कृष्ण ढकाल प्रथम, उत्तम दुवाडी द्धितिय, प्रल्लाद दवाडी तृतीय र गणेश भण्डारी सान्त्वना भएका छन् । कार्यक्रमा सरश्वती माताको विधिपुर्वक विशेष पुजा समेत गरिएको थियो।

सोही कार्यक्रममा विद्यालयमा अध्ययरत उत्कृष्ठ अंक प्राप्त गर्न सफल विद्यार्थीलाई पदक प्रदान गर्ने उदेश्यले ललितपुर निवासी इन्दिरा पाण्डेले १ लाखको अक्षयकोष स्थापना गर्नुभएको छ।

सोही अवसरमा काठमाण्डौ निवासी कय सिंहले ५१ हजार र संस्थाको कोषाध्यक्ष रामप्रसाद बस्ताकोटीले आफ्नो ५० औं वैवाहिक वर्षगाठँको अवसरमा ५१ ह्जारको अक्षयकोष रकम हस्तान्तरण गर्नु भएको छ।


## विमा लेख हरायो

**लाइफ इन्स्योरेन्स कम्पनीवाट जारि गरिएको निम्न लिखित बीमालेख विरौटाबाट महेन्द्रपुल आउदाँ २०७७/०८/०५ मा हराएको हुँदा फेला पार्नुहुने महानुभावहरुले निम्नलिखित ठेगानामा सम्पर्क गर्न अनुरोध गर्दछु ।**

**नाम: नवराज थापा**
**विमा लेख नं.: १३००९८४०८**
**ठेगाना: फेदीखोला गा.पा. २ स्याङ्जा**
**सम्पर्क : लाइफ इन्स्योरेन्स कम्पनी पोखरा**
**फोन: ९८५६०४४९६०**



## सवारी साधनको लिलाम बिक्री सम्बन्धी सूचना

**प्रकाशित मिति: २०७७/११/०५**

**यस बैंकको स्वामित्वमा रहेको तपसिल बमोजिमका सवारी साधन जे जस्तो अवस्थामा छ, सोही अवस्थामा शिलबन्दी बोलपत्रमार्फत् बिक्री गरिने भएकोले यो सूचना प्रकाशित गरिएको छ। इच्छुक व्यक्ति, संघसंस्था, फर्म वा कम्पनीहरुले यस बैंकको राम बजार शाखामा सम्पर्क गरी तोकिएको शर्तहरुको अधीनमा रही यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र गोप्य शिल्बन्दी बोलपत्र प्रस्ताव पेस गर्नुहुन आह्वान गरिन्छ। लिलाम बिक्री हुने सवारी साधनको विवरण निम्नानुसार छ।**

| क्र. सं. | सवारीको किसिम | दर्ता नं. |
|---|---|---|
| १. | Apache RTR | ग ५ प १७७८ |

**१. यो सूचना प्रकाशित भएको मितिले ७ औ दिन कार्यालय समय भित्रै (सो दिन सार्वजनिक बिदा परेमा सो लगत्तै कार्यालय खुलेको दिन) बोलपत्र दर्ता गराइसक्नु पर्ने छ। प्राप्त बोलपत्र यस शाखा कार्यालयमा ८ औ दिन दिउसो ३:०० बजे बोलपत्रदाता र कार्यालयका प्रतिनिधिहरुको रोहबरमा खोलिने छ। निर्धारित समयमा बोलपत्र दाता वा प्रतिनिधि अनुपस्थित भएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन। बोलपत्र खोलिने दिनमा सार्वजनिक बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा सोही स्थानमा, सोही समयमा बोलपत्रहरु खोलिने छ।**
**२. बोलपत्र स्वीकृत तथा अस्वीकृत गर्ने सर्वाधिकार यस बैंकमा सुरक्षित रहनेछ।**
**३. सम्पर्क ठेगाना : लुम्बिनी बिकास बैंक, रामबजार शाखा कार्यालय, पोखरा म.न.पा.-१०, रामबजार, कास्की फोन : ०६७-४३२२७०, ०६१-४३२४५०**

लुम्बिनी विकास बैंक लि.
Lumbini Bikas Bank Ltd.
निरन्तर सहयात्रा

# विन्दुवासिनी संस्कृत विद्यापीठमा १८ कोठे पक्की छात्रावास

**पोखरापत्र संवाददाता**
**पोखरा, ४ फागुन**



पोखरास्थित विन्दुवासिनी संस्कृत विद्यापीठमा छात्रावास भवन निर्माण गरिएको छ। १८ कोठा सहितको तीन तल्ले भवनको आज आयोजित एक कार्यक्रमकाबीच विश्वविद्यालय अनुदान आयोगका अध्यक्ष प्रा.डा.भीमप्रसाद सुवेदीले उद्घाटन गर्नुभयो।

कार्यक्रममा अध्यक्ष प्रा.डा.सुवेदीलेशिक्षाज्ञानोपयोगी, जीवनोपयोगी र समाजोपयोगी हुनुपर्नेमाजोडदिदैसंस्कृतशिक्षालाई समयसापेक्षरुपमाजीवनोपयोगीका साथै समाजोपयोगी बनाउनेतर्फ कृयाशिल बन्नुपर्ने बताउनुभयो।

संस्कृत भाषा, साहित्य र पम्परा हाम्रो जन्मदेखि मृत्युपर्यन्त जोडिदै आएको उल्लेख गर्दै उहाँले संस्कृत प्रदत्त ज्ञानको सदुपयोगका लागि भाषा जीवन्त हुनुपर्ने आवश्यकता औंल्याउनुभयो। नेपाल संस्कृत विश्वविद्यालयका उपकुलपति प्रा.डा. यादवप्रसाद लामिछानेले संस्कृत शिक्षाप्रति पोखराको लगाव अनुकरणीय भएको बताउँदै विद्यापीठको आवश्यकता अनुसार अन्य आवाशीय भवन, पुस्तकालय आदि निर्माणतर्फ सोच बनाएर अघि बढीने विश्वास व्यक्त गर्नुभयो। विश्वविद्यालयले समय सापेक्ष शिक्षालाई जोड दिदै वास्तु ईन्जिनियरिङ, योग तथा प्राकृतिक चिकित्सा, जीवन शैली व्यवस्थापन लगातका विषयको पाठ्यक्रम तयारी पठनपाठन गर्ने सोच बनाएको उहाँले जानकारी दिनुभयो।

विश्वविद्यालयका कुलसचिव सह प्रा.माधवप्रसाद अधिकारीले संस्कृतमा सबै छ भन्ने नभै यो छ भनेर देखाउनुपर्ने बेला आएको बताउनुभयो। विद्यापीठहरूमा प्राध्यापकहरूलाई अनुसन्धानात्मक काममा लाग्ने किसिमको वातावारण तयार गर्नुपर्ने बताउँदै उहाँले विश्वविद्यालयलाई समयसापेक्ष प्रविधिमैत्री बनाउनेतर्फ लागिएको बताउनुभयो। पूर्वीय दर्शनमा सबै कुरा पर्याप्त भए पनि हामी त्यसको पहिचान नगरी पश्चिमातर्फ फर्कने गरेको उहाँले बताउनुभयो। विन्दुवासिनी संस्कृत विद्यापीठ विकास समितिका अध्यक्ष परशुराम बरालले सबैको साथ र सहयोगमा विद्यापीठलाई गण्डकी प्रदेशकै संस्कृत शिक्षाको केन्द्रका रुपमा विकास गरिने बताउनुभयो। विद्यापीठका प्राचार्य नारायणप्रसाद सापकोटाले विद्यापीठमा फलित ज्योतिषको स्नातकोत्तर तहको पठनपाठका लागि आवश्यक प्रकृया पूरा गरी सञ्चालनको तयारी गरिएको जानकारी दिनुभयो। संविधानसभा सदस्य एवम् विद्यापीठ विकास समितिका पूर्व सदस्य शारदा पौडेलले संस्कृत शिक्षाको गरिमा र महत्वलाई आत्मसात गर्दै विद्यापीठ स्थापना गरिएको स्मरण गर्नुभयो। पोखरा महानगरपालिकाका प्रमुख मानबहादुर जिसीले संस्कृत शिक्षाको विकसित मुलुकले यो वा त्यो रुपमा उपयोग गरिरहेपनि हामी संस्कृतका अनुयायीले अझै पनि यसको महत्वलाई आत्मसात गर्न नसकेको धारणा राख्नुभयो।

कार्यक्रममा विद्यापीठ विकास समितिका पूर्व अध्यक्ष ऋषि सापकोटा र विष्णुप्रसाद बराल, विन्दुवासिनी संस्कृत विद्यापीठका पूर्व प्रचार्यहरू प्रा.डा. शालिकराम सुवेदी, सह प्रा श्रीराम बराल र नेपाल संस्कृत विश्वविद्यालयका पूर्व कार्यकारी परिषद् सदस्य एवम् नेपाल प्रध्यापक संघ विन्दुवासिनी संस्कृत विद्यापीठ इकाईका सभापति सह.प्रा. अम्बिकाप्रसाद भट्टराई, नेपाल प्राध्यापक संघ नेपाल संस्कृत विश्वविद्यालय केन्द्रीय उपसभापति आनन्दमणि रिजाल, प्रजातन्त्रवादी प्राध्यापक संघ विन्दुवासिनी संस्कृत विद्यापीठका अध्यक्ष डा.जगन्नाथ रेग्मी, प्रगतिशिल प्राध्यापक संघ विन्दुवासनी संस्कृत विद्यापीठका श्यामप्रसाद पौडेल, संस्कृत मा.वि.का अध्यक्ष इश्वरलाल श्रेष्ठ, चिसाखोला बेद विद्याश्रमका प्रधानाध्यापक श्रीराम तिमल्सिना, स्ववियु प्रतिनिधि दीपेश पराजुली लगायतले संस्कृत शिक्षाको महत्वबारे चर्चा गर्नुभयो।

उक्त अवसरमा वक्ताहरूले विद्यापीठका प्राध्यापक आवाश, पुस्तकालय लगायतका भौतिक पूर्वाधारको आवश्यकता समेत औंल्याउनुभयो। विद्यापीठ विकास समितिका अध्यक्ष परशुराम बरालको अध्यक्षतामा भएको कार्यक्रम राधाकृष्ण गैरेले सञ्चालन गर्नुभएको थियो।

# 'असुरक्षित गुलाब'लोकार्पण

**पोखरापत्र संवाददाता**
**पोखरा, ४ फागुन**

साहित्यकार जीवनसागर भण्डारीको मुक्तक सङ्ग्रह 'असुरक्षित गुलाब' मंगलबार यहाँ लोकार्पण भएको छ।

पोखरेली युवा सांस्कृतिक परिवारद्वारा आयोजित विशेष कार्यक्रममा नेपाल सङ्गीत नाट्य प्रज्ञा प्रतिष्ठानका पूर्वउपकुलपति साहित्यकार सरुभक्तले उक्त कृतिको लोकापर्ण गर्नुभएको हो। सो अवसरमा उहाँले जीवन र साहित्य पाटो सँगसँगै भएकाले अब छुट्टाछुट्टै लिन नसकिने बताउनुभयो। मुक्तक सङ्ग्रह समसामयिकतासँगै समाजका विविध आयामलाई चोटिलोरुपमा उतार्न सफल भएको उल्लेख गर्दै उहाँले यो उत्कृष्ट कृतिको रुपमा परिचय बनाउने विश्वास व्यक्त गर्नुभयो।

परिवारका पूर्वअध्यक्ष साहित्यकार ईश्वरमणि अधिकारीले भण्डारीकासाहित्यिकलगायतउहाँको व्यक्तित्वको चर्चा गर्दै मुक्तक सङ्ग्रह समाजको यथार्थलाई बिम्वात्मक र व्यग्याङ्त्मकरुपमा प्रस्तुत गर्न सफल भएको बताउनुभयो। समालोचक सञ्जीव तिवारीले नेपाली साहित्यमा भण्डारीका मुक्तक उल्लेखनीय हुने बताउँदै मुक्तकमार्फत भण्डारीले राजनीतिक र सामाजिक विकृतिमा व्यङ्ग्य प्रहार गरेको उल्लेख गर्नुभयो। मुक्तकमा नेपाल र नेपालीको भविष्यका विषयमा गम्भीर चिन्ता व्यक्त गरिएको उहाँको भनाइ छ।


आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो॥

## हार्दिक समवेदना

जन्मः
वि. स. २०१३/०५/२३



स्वर्गारोहण :
वि.स. २०७७/१०/२३ गते

स्वः श्रीमती राधादेवी बराल

यस संस्थामा आवद्ध विष्णु बराल तथा किरण बरालका ममतामयी माता **राधादेवी बराल** को ६४ वर्षको उमेरमा भएको असामयिक दुःखद् निधनले हामी अत्यन्तै मर्माहत र स्तब्ध भएका छौं। आज उहाँको १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अपर्ण गर्दछौं। साथै शोकसन्तप्त परिवारजनहरुमा धैर्य धारण गर्ने शक्ति भगवानले प्रदान गरुन भनि हार्दिक समवेदना प्रकट गर्दछौं।

**कुशुम सप्लाइरस प्रा. लि.**
**पोखरा महानगरपालिका वडा नं. -१३ बाझापाटन भद्रकाली चोक**


# देशना स्मृति भेट्रान्स कपमा १६ टिमले मात्र दर्ता पाउने

**पोखरापत्र संवाददाता**
**पोखरा, ४ फागुन**

पोखराको पुरानो टुडिखेलमा आगामी ११ देखी १५ गते सम्म सञ्चालन हुने 'देशना चन्द स्मृति दोस्रो भेट्रान्स सेभेन ए साईड नयाँगल्ली कप २०७७' मा १६ टिमले मात्रै टिम दर्ता पाउने भएको छ।

ईन्द्रेणी एकिकृत विकास केन्द्र बगरले आयोजना गर्ने भेट्रान्स (३५ वर्ष माथी) फुटबल प्रतियोगितामा कम समय समयावधिका कारण १६ टिमको मात्र सहभागिता रहने भएको हो। समय कम भएको कारण हामीले चाहदा चाहदै पनि १६ टिम भन्दा बढिलाई स्थान दिन नपाउने भएका छौ, प्रतियोगिता संयोजक हिटलर घलेले भने, 'जो पहिला टिम दर्ता गर्नुहुन्छ उहाँहरुले खेल्न पाउनुहुन्छ।

हामीले १६ टिमको दर्ता भैसकेपछि आवेदन बन्द गर्छौ।' उनले आगामी ९ गतेसम्म ईच्छुक टिमले आवेदन दिन सक्ने बताउदै टिम दर्ता शुल्क ५ हजार निर्धारण गरिएको बताए।

उनका अनुसार उक्त प्रतियोगिताको बिजेता टिमले शिल्ड, मेडल तथा प्रमाणपत्र सहित नगद ७० हजार प्राप्त गर्नेछ। त्यस्तै उपबिजेता टिमलाई शिल्ड, मेडल तथा प्रमाणपत्र सहित नगद ४० हजार प्रदान गरिनेछ। संयोजक घलेले विधागत तर्फ उत्कृष्ट डिफेण्डर, उत्कृष्ट मिडफिल्डर, सर्बाधिक गोलकर्ता र अनुशासित टिमलाई आकर्षक पुरस्कारको व्यवस्था गरिएको बताए। घलेका अनुसार प्रतियोगिताको सर्वोत्कृट खेलाडी (दाम्पत्य) लाई पुरस्कार स्वरुप रुपाकोट रिसोर्टको तर्फबाट एकरात आवास तथा खानाको व्यवस्था गरिएको छ।

उनले उक्त प्रतियोगितामा टिम दर्ताका लागि ९८०६६०७२७८ र ९८०६६८३३१२ मा सम्पर्क गर्न सक्ने जानकारी दिए। बगरमा सञ्चालित ईन्द्रेणी एकेडेमी सञ्चालनार्थ उक्त प्रतियोगिता आयोजना गर्दै आएको संयोजक घलेले बताए। स्व. देशना चन्दको स्मृतिमा सञ्चालन हुने उक्त प्रतियोगिताका लागि पिता विवेक चन्द र माता ग्रीष्मा चन्दले १ लाख ५० हजार आर्थिक सहयोग गरेको आयोजकले जनाएको छ।


आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो॥

## हार्दिक समवेदना



जन्म :
१९९३/०८/१५

स्वर्गारोहण :
२०७७/१०/२३

स्व. किर्तिमान गुरुङ

यस विद्यालयका संस्थापक अध्यक्ष, जग्गादाता, समाजसेवी, शिक्षाप्रेमी माछापुच्छ्रे गा.पा.–८ खोरामुख घर भई हालः अमेरिका निवासी **किर्तिमान गुरुङ** को ८४ वर्षको उमेरमा असामयीक निधन भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै शोकसन्तप्त परिवारजनप्रति धैर्यधारण गर्ने शक्ति प्राप्त होस भनी कामना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौं।

**विद्यालय परिवार**
**श्री शहीद हरिप्रसाद आ. वि.**
**माछापुच्छ्रे गा.पा.-८, खोरामुख, कास्की**



आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो॥

## हार्दिक समवेदना

जन्मः
वि. स. २०१३/०५/२३



स्वर्गारोहण :
वि.स. २०७७/१०/२३ गते

स्वः श्रीमती राधादेवी बराल

प्रिय भाइहरु किरण बराल र विष्णु प्रसाद बरालकी ममतामयी माता **राधादेवी बराल** को ६४ वर्षको उमेरमा भएको असामयिक दुःखद् निधनले हामी अत्यन्तै मर्माहत र स्तब्ध भएका छौं। आज उहाँको १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अपर्ण गर्दछौं। साथै शोकसन्तप्त परिवारजनहरुमा धैर्य धारण गर्ने शक्ति भगवानले प्रदान गरुन भनि हार्दिक समवेदना प्रकट गर्दछौं।

**गोपाल गुरुङ पोखरा-१३, बाझापाटन**
**डा. मञ्जिला शेरचन पोखरा-१५, नयाँगाउँ**
**ललित गुरुङ अन्नपूर्ण-११, घान्द्रुक**
**टंकराज अधिकारी अन्नपूर्ण -१, ढिकुरपोखरी**
**सूर्य बहादुर गुरुङ पोखरा-१६, अर्मला**
**गिरिराज गौतम पोखरा-२६, कालिका चोक**
**राजबहादुर गुरुङ अन्नपूर्ण-७, लुम्ले**